02 July, 2025

National News

मुख्य समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहान पाँच देशहरू घाना, Trinidad र Tobago, Argentina, Brazil तथा Namibia को यात्राम जानुभएकोछ।

2. घानमा भारतका उच्चायुक्त मनीष गुप्ताले भारत घाना साझेदारी पश्चिम अफ्रीकाको सबभन्दा गतिशील द्विपक्षीय संबध भएको बताउनुभएको छ।

3. केन्द्रिय श्रम तथा रोजगार मन्त्री मनसुख मांडवियाले रोजगार संबधित प्रोत्साहन योजना अन्तर्गत अघिल्ला चार वर्षमा कर्मचारी र रोजगारदाताहरूलाई एक लाख करोड़ रूपियाँ दिइने भन्नुभएकोछ।

4. मौसम विभागले आगामी 5 दिन सम्म मध्यप्रेदश, विदर्भ, छत्तीगड़, बिहार , पश्चिम बंगाल, सिक्किम, झारखण्ड र ओड़ीशामा भारी वर्षा हुने भनेको छ।

प्रधानमन्त्री – घाना यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदी आज  बिहान पाँच देशहरू घाना Trinidad र Tobago, अर्जेन्टीना, Brazil तथा नामीवियाको यात्रामा जानुभएको छ। सबभन्दा पहिले उहाँ घाना जानुभएको छ। विगत तीस वर्षमा कुनै भारतीय प्रधानमन्त्रीको घानाको यो पहिलो यात्रा हो। यात्रा अघि आफ्नो वयानमा प्रधानमन्त्री मोदीले भन्नुभयो घाना वैश्विक दक्षिणको एक महत्वपूर्ण भागीदार हो तथा अफ्रीकी संघ र पश्चिमी अफ्रीकी देशहरूको आर्थिक समुदायमा यसको अहम भूमिका छ।

भारत घाना द्विपक्षीय संबध

आकाशवाणीसित एक विशेष अन्तवार्तामा घानाका लागि भारतका उच्चायुक्त मनीष गुप्ताले भारत घाना सहभागितालाई पश्चिम अफ्रीकाको सबभन्दा जीवन्त द्विपक्षीय संबधहरू मध्ये एक भएको बताउनुभयो। उहाँले आर्थिक व्यापार र लगानी सहयोग दुई देश बीचको संबधमा मुख्य स्तंभ भएको भन्नुभयो।

घाना- भारत अरिमा फार्म्स

घानाले भारतको अरमा फार्म्स र फसल अनुसन्धान संस्थानका साथ मिलेर जलवायु अनुकूल गहूँको खेती संबधी पहल शुरू गरेको छ। खाद्य आत्मनिर्भरताको दिशामा यो एक महत्वपूर्ण पाइला हो। गहूँको आयातमा वर्षेनी 400 मिलियन डॉलर खर्च हुनेगर्छ। यस परियोजनाको उदेश्य आयातमाथि निर्भरता कम गर्नु अनि स्थानीय खेतीलाई बढ़ावा दिनु हो। अरिमा फार्म्स

की प्रबन्ध निदेशक सालई मणिकमले दक्षिण – दक्षिण सहयोगले कसरी कृषि नवाचारलाई बढ़ावा दिइरहेको छ त्योबारे बताउनुभयो।

## क्वाड- संयुक्त वक्तव्य

क्वाड संगठनका सदस्य देशहरूले पहलगाम आतंकी हमलाका दोषीहरू घटनालाई अंजाम दिने अनि रूपियाँ पैसाको मदत दिनेहरूलाई झट्टै दंडित गर्नका लागि संयुक्त राष्ट्रका सदस्य देशहरूसित यस संबधमा सहयोग गर्ने आह्वान गरेकोछ। Washington DC मा आयोजित क्वाड विदेश मन्त्रीहरूको बैठकको संयुक्त बयानमा यस आतंकी हमलाको कड़ा निन्दा गरियो। बैठकमा सीमापारीको आतंकवाद लगायत् सबै प्रकारको आतंकबादको पनि घेर निन्दा गरिएको छ।

## ईरान राष्ट्रपति IAEA

ईरानका राष्ट्रपति मसूद पेजेशकियानले संयुक्त राष्ट्रको परमाणु निगरानी संस्था अंतर्राष्ट्रीय परमाणु ऊर्जा एजेन्सीका साथ सहयोगलाई निलंबित गर्नसित संबधित एक विधेयकमा हस्ताक्षर गर्नुभएकोछ। यो ईरान द्वारा आफ्नो परमाणु गतिविधाहरूमा अन्तर्राष्ट्रीय शक्तिहरूका साथ गतिरोधमा उठाएको कठोरतम कदमहरू मध्ये एक हो।

## मांडविया- ELT

केन्द्रिय श्रम तथा रोजगार मन्त्री मनसुख मांडवियाले भन्नुभएकोछ, रोजगार संबधित प्रोत्साहन योजना अन्तर्गत अघिल्ला चार वर्षहरूमा कर्मचारी र रोजगारहरूलाई एक लाक करोड़ रूपियाँ दिइनेछ। नयाँ दिल्लीमा आज मीडियासित बोल्दै उहाँले भन्नुभयो यस योजना अन्तर्गत नयाँ नौकरी पाएका युवाहरूलाई वर्षमा दुई पटक सात हजार पाँ सय रूपियाँ दिइनेछ। श्री मांडवियाले देशका युवाका लागि रोजगार सुनिश्चित पार्न प्रधानमन्त्री नरेन्द्र मोदीले पाँच वर्षीय कार्यक्रम तयार पार्नुभएकोछ भन्नुभयो।

## ओम बिड़ला सम्मेलन

लोकसभा अध्यक्ष ओम बिड़लाले भोलि हरियाणाको मानेसर स्थित International Centre for Automotive Technology मा राज्य अनि केन्द्र शासित प्रदेशहरूको शहरी स्थानीय निकायका अध्यक्षहरूका राष्ट्रीय स्तरको सम्मेलनको उद्घाट्न गर्नुहुनेछ। दुई दिवसीय सम्मेलनको विषय हो- संबैधानिक लोकतन्त्रलाई दरिलो पार्ने अनि राष्ट्र निर्माणमा शहरी स्थानीय निकायहरूको भूमिका।

## जयशंकर फिलीपीन्स

परराष्ट्र मन्त्री डॉ एस जयशंकरले Maria Theresa Lazaro लाई फिलीपीन्सको विदेश मन्त्री नियुक्त भएकोमा बधाई दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा उहाँले भारत फिलीपीन्स संबधहरूलाई गहकिलो पार्ने तर्फ सहयोगलाई जारी राख्ने आफु इच्छुक हुनुभएको भन्नुभएको छ।

## मौसम

मौसम विभागले आगामी पाँच दिन सम्म मध्यप्रदेश, विदर्भ छत्तीसगढमा तथा बिहार, पश्चिम बंगाल, सिक्किम, झाखण्ड र ओडिशामा भारी वर्षा हुने पूर्वनुमान व्यक्त गरेकोछ। विभागका अनुसार आज हिमाचल प्रदेश, उत्तराखण्ड र उत्तरप्रदेशमा तथा भोलि पर्ने अनुमानछ। मौसम विभागले भनेको छ, अघिल्ला सात दिनहरूमा कोकण र गोवा, मध्य महाराष्ट्रका घाट क्षेत्रहरू, गुजरात क्षेत्रमा पनि मूसलाधार वर्षा हुने अनि सौराष्ट्र र कच्छमा समेत ठूलो पानी पर्ने अनुमान छ।

## जम्मू – कश्मीर अमरनाथ यात्रा

अमरनाथ तीर्थ यात्राका लागि यात्रीहरूको पहिलो समूह आज दिँउसो जम्मू देखि कश्मीर पुगेको छ। उप राज्यपाल मनोज सिन्हाले आज एका बिहानै जम्मूमा भगवती नगर बेस कैम्प देखि श्री अमरनाथजीको पवित्र गुफाका लागि यात्रामा गई रहेको पहिलो समूहलाई झण्डा देखाई यात्राको शुभारम्भ गराउनु भयो। यो गुफा कश्मीरमा हिमालय क्षेत्रमा बाह्र हजार 756 फीटको ऊँचाईमा स्थित छ।
38 सुरक्षित र शान्तिपूर्ण ढंगले संपन्न गराउनका लागि सुरक्षाका अतिरिक्त उपायहरू गरिएकाछन्। सरकारी तरवमा यो यात्रा भोलि देखि शुरूहुनेछ।

## हॉकी- जुनियर महिलॉ

पद्रहवौं हॉकी इण्डिया सप जुनियर महिला राष्ट्रीय च्याम्पियनशीप 2025 भोलि राँचीको मारांग गोमके जयपाल सिंह Astroturf hockey स्टेडियममा शुरू हुन गई रहेको छ। 14 जुलाई सम्म यो जारी रहनेछ।